प्रदेश सरकार
# सामाजिक [redacted] मन्त्रालय
[redacted] प्रदेश
हेटौंडा, [redacted]नपुर, नेपाल

फोनः०५७-५२४८३५
०५७-५२४८३६
फ्याक्सः ०५७-५२४८३६
इमेलः p3mosd@gmail.com

प.सं. :
च.नं. :

मितिः २०७७/०२/०४

## प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ नेपालमा समेत फैलदो क्रममा छ। कोभिड-१९ को महामारीको रोकथाम, नियन्त्रण र उपचारमा नेपाल लगायत बागमती प्रदेशका स्वास्थ्यकर्मीहरु अहोरात्र खटिएका छन्। नेपाल सरकारले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि मिति २०७६/१२/११ गतेबाट पटक पटक समयावधि थप गरी हालसम्म नेपालभर पूर्ण लकडाउनको कार्यान्वायन गरिरहेको अवस्था छ। यो विषम परिस्थितिमा नेपाल सरकारले स्वास्थ्य जस्तो अत्यावश्यक सेवालाई निरन्तरता दिन र कोभिड-१९ नियन्त्रण कार्यमा खटिने स्वास्थ्यकर्मीलाई आवश्यकता अनुसार निर्वाद आवतजावतमा सहजता प्रदान गरिरहेको अवस्था छ र सोही बमोजिम स्वास्थ्यकर्मी आफ्नो कार्यस्थलमा संक्रमणको प्रवाह नगरी खटिरहेका छन्।

मिति २०७७/०२/०२ गते शुक्रवारका दिन बागमती प्रदेश मातहतको जनस्वास्थ्य प्रयोगशालाका निर्देशक श्री नारायण बहादुर कार्की कोभिड-१९ निदान तथा नियन्त्रण कार्यका लागि काठमाडौं जाने क्रममा काठमाडौं जिल्लाको नागढुंगा नाकामा केही सुरक्षा निकायको उपस्थितिमा लकडाउन को परिपालना नगरी केही मानिसहरुको झुण्डले गाडी रोकी झोला खानतलासी गरी अभद्र व्यवहार गरेको र सो को भिडियो विभिन्न सामाजिक संजालमा आएकोले उक्त घटना प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। कोभिड-१९ ले विश्व नै आक्रान्त भएको र मानव जाति नै संकटमा परेको विषम परिस्थितिमा यसको फैलावटलाई रोकथाम र नियन्त्रणमा अहोरात्र खटिरहने स्वास्थ्यकर्मीलाई विश्वभर नै हौसला प्रदान भइरहेकोमा आफ्नो कार्यक्षेत्रमा खटिएको कर्मठ स्वस्थ्यकर्मी माथि भएको दुर्व्यवहार प्रति यस मन्त्रालय खेद प्रकट गर्दछ र उक्त घटनाको सत्य तथ्य छानविन गरी दोषी माथि कारवाही गर्न समेत सम्बन्धित निकायलाई अनुरोध गर्दछ।

यस विषम परिस्थितिमा सबै नागरिकबाट नेपाल सरकारले कार्यान्यवन गरिरहेको लकडाउनलाई पूर्ण परिपालन गर्दै कोभिड-१९को लडाईमा सामाजिक विकास मन्त्रालयले सहयोग र सद्भावना अपेक्षा गर्दछ। साथै यस्ता घटनाबाट विचलित नभई आफ्नो कार्यस्थलमा निष्ठापूर्वक खटिरहन सम्पूर्ण स्वास्थ्यकर्मीहरुमा अपिल गर्दछ।

.....................

दिपेन्द्र सुवेदी
प्रवक्ता